मकवानपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मक्राञ्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

# आन्तरिक पशुपन्छी विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८०,

स्वीकृत मिति २०८०/१०/२६ गते

यस मकवानपुरगढी गाउँपालिका भित्र कार्यन्वयन गरिने पशुपन्छी विकास कार्यक्रम सम्बन्धि कार्यविधि २०८० मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय मक्रांचुली मकवानपुरबाट आर्थिक बर्ष ८०/०८१ मा पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि प्राविधिक हस्तान्तरण क्षमाता अभिबृद्धि, उत्पादन प्रोत्साहन अनुदान दिगो विकासको लागि पशुपंछी विकास कार्यक्रमहरु कार्यन्वयनलाई व्यवस्थित, पारदशी, प्रभावकारी तथा परिमाणमुखी बनाउन बाञ्नीय देखिएकोले स्थानीय सरकार संचालन एेन,२०७४ को परिछेद ३ को दफा ११ को उपदफा २ (ण) र (द) मा व्यवस्था भय बमोजिम मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. सन्क्षिप्त नाम र प्रारम्भ: (क) यस कार्यविधिको नाम "आन्तरिक पशुपन्छी विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८०" रहेको छ।

ख.यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)"अनुदान" भन्नाले यस गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत वमोजिम पशुपन्छी क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिबृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकरण, विविधिकरण, व्यावसायिकरण, आधुनिकीकरण, औधोगीकरण तथा गरिवी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानुन अनुसार लेखा लगायतक वितिय उत्तरदायीत्व बहन गर्ने गरि प्रदान गरिने आर्थिक, वस्तुगत सहायता पूवाधार विकास वा उपलब्ध गराईने पशुपन्छी सामग्री र उपकरण सम्झनु पर्छ।

(ख) "अनुदान ग्राही" भन्नाले कार्यक्रम संचालनको लागि आवेदन दिएका पशुपन्छी तथा दुग्ध सम्बन्धित समुह / सहकारी/ वहुउदेश्यीय सहकारी/ निजि क्षेत्र बुझ्नु पर्छ।

(ग)" पशुपन्छी सामग्री" भन्नाले पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रयोग हुने औषधि, नश्ल, भुरा, खोप, दाना,पोषण, जैविक तथा हर्मोन, तरल नाइट्रोजन , कृतिम गर्भधारण सम्बम्धि सामंग्रीहरु , पशु सम्बम्धि यान्त्रिक उपकरण( च्यापकटर,हंट वाटर सोलार,काऊ लिफ्टींङ मेसिन, रबर म्याट,तथा अन्य उपकरणहरु ) लगायतका पशुपन्छी तथा मत्स्य उत्पादनमा सहयोग पुर्याउने सामग्रीहरुलाई समेत सम्झनुपर्छ।

डोर्जे लामा स्याङतान
अध्यक्ष

( घ ) "कार्यक्रम" भन्नाले" आर्थिक बर्ष ८०/०८१ मा मकवानपुरगढी गाउँपालिकाको गाउँ परिषदवाट स्वीकृत वजेटवाट संचालन गरिने कार्यक्रमहरु लाई बुझ्नु पर्छ।

(ङ) "लक्षीत वर्ग" भन्नाले कृषक, पशुपन्छी उधमी/ उधोगी,पशु फार्म, कम्पनि, कृषक समुह, पशु सम्बन्धि सहकारी ,पशुपन्छी संग सम्बन्धि समिति र सदस्यहरु लाई सम्झिनु पर्छ।

( च ) "आर्थिक विकास समिति" भन्नाले स्थानीय सरकार संचालन एऽेन २०७४, वमोजिम गठित आर्थिक विकास समितिलाई सम्झिनु पर्छ।

(छ) "सम्बन्धित कार्यालय" भन्नाले मकवानपुरगढी गाउँपालिकाको कार्यालय रअन्तर्गतका वडा कार्यालयहरु लाई सम्झिनु पर्छ।

(ज)"आपुर्त्ति कर्त्ता" भन्नाले यस गाउँपालिकामा सुचिकृत भइ पशुपन्छी सम्बन्धि सामग्री उपलब्ध गराउने बिक्रेतालाई सम्झनु पर्छ।

( झ ) "पशु फार्म,प्रा.लि.,कम्पनि" भन्नाले माउ गाई, भैसी, कम्तिमा ५-१० वटा, पाडापाडी कम्तिमा १० वटा, वाख्रा २० वटा र बंगुर १० वटा पालन गरेको हुनुपर्ने छ।

(ञ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन , २०७४ वमोजिम वा प्रचलित कानुन वमोजिम दर्ता भएका कृषि,पशुपालन वा दुध उत्पादन / व्यवसाय सम्वन्धि कार्य गर्ने उदेश्यले स्थापित सहकारी संस्थालाई सम्झनु पर्छ।

( ट )" समुह वा समिति " भन्नाले स्थानीय तहमा वा कानुन वमोजिम दर्ता / सुचिकृत भएक पशुपालक कृषक समुह / समितिलाई सम्झनुपर्छ।

३. <u>उदेश्य</u> : यस कार्यविधिको उदेश्य देहाय वमोजिम हुनेछ।

(क) कार्यक्रमर्हरुको पारदशी एवम प्रभावकारी कार्यन्वयनमा सहजीकरण गर्ने।

(ख) अनुदान वितरण नितिलाइ प्रकृयामुखि र परिमाणमुखि तर्फ लैजाने।

(ग) पशुपालन क्षेत्रलाइ प्रतिस्पर्धात्मक वनाइ सो व्यवसायलाइ प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन प्रोत्साहन गर्ने।

(घ) पशुपालनलाई यान्त्रीकरण,आधुनिकरण,व्यवसायिकरण एवम् प्रतिस्पधात्मक बनाइ खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर सृजना गर्ने।

(ङ) दुग्ध उत्पादन ,विविधिकरण तथा वजारीकरण गर्ने।

दोर्जे लामा स्याङतान
अध्यक्ष

## परिच्छेद- २

## कार्यक्रम संचालन प्रक्रिया

४. लक्षित वर्ग र क्षेत्र: मकवानपुरगढी गाउँपालिकाले कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना स्थानीय सम्भावना र आवस्यकताको कृषक,समुह,समिति,सहकारी,फर्म,संस्था,कम्पनि,निजि,उधमी,व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरि कार्यक्रम संचालन गर्नेछ ।

५. सूचना प्रकाशन : (१) यस कार्यविधि वमोजिमका कार्यक्रम संचालनका लागि २१ दिने आवेदन मागको सूचना प्रकाशन गरि लक्षीत वर्गबाट प्रस्ताव संकलन गर्नुपर्ने छ । सुचनाको ढाँचा अनुसूची २ वमोजिम हुनेछ ।

(२)उपदफा १ वमोजिम सूचना प्रकाशन गर्दा माग वमोजिम आबेदन नपरेमा दोश्रो पटक १५ दिनको समय सिमा राखी पुन सूचना प्रकाशन गर्नुपर्ने छ ।

६. प्रस्ताव पेस गर्ने: कार्यविधि परिच्छेद (५) अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएको मापदण्ड आधारभूत प्रसंगिक पक्ष पुरा गर्ने गरि इछुक आवेदकले आवस्यक कागजात सहित प्रस्ताव अनुसूची ३ र प्रतिबद्ता अनुसूची ४ वमोजिम पेश गर्नु पर्नेछ ।

७. लाभग्राही छनौट : प्रस्ताव मुल्यांकन तथा छनौट कार्यको लागि अनुगमन तथा मुल्यांकन समितिले छनौट गरि यस गाउपालिका अन्तर्गत रहेको-आर्थिक विकास समितिमा पेश गरि पशुपन्छी विकास शाखाले कार्यविधिको अधिनमा रही कार्य सम्पादन गर्नेछ ।

८. अनुदानको सिमा र प्रतिशत: (१) स्थानीय सरकारबाट स्वीकृत आन्तरिक पशु विकास कार्यक्रम अन्तर्गत उपलब्ध गराइने अनुदानको सिमा यस कार्यविधि अनुसार तोकेको बमोजिम हुनेछ । यसरी कार्यक्रमको प्रकृति अनुसार न्यूनतम ५० प्रतिशत र अधिकतम ८० प्रतिशतमा नबढ्ने गरि अनुदान उपलब्ध हुनेछ ।

(२) विगतका बर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु संचालनका लागि कुनै पनि सहकारी/ सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा सहभागी हुन पाइने छैन । साझेदारले सम्झौत्ता गर्नु अघि सोहि प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थाबाट दोहोरो सुविधा नलीएको प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भीमफेदी, मकवानपुर बागमती प्रदेश, नेपाल

अध्यक्ष

९. <u>सम्झौता</u>: ( १ ) पशु विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धित व्यवस्था दफा ८ अनुसारको क्रियाकलाप/ कार्यक्रम बमोजिम हुनेछ ।

( २ ) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप, सोको समयसारणी एवम अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम भुक्तानी विधि उल्लेख गरि सम्बन्धित कार्यालयले अनुदानग्राहीसंग सम्झौत्ता गर्नेछ ।

## परिच्छेद- ३

## आर्थिक पक्ष

१०. <u>भुक्तानी</u>: सम्झौत्ता भएका साझेदारहरुले सम्झौत्ता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रही सोझै बैक खातामा जम्मा हुनेगरी भूक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद- ४

## विविध

११. <u>दोहोरोपना नहुने :</u> यस कार्यक्रमलाई प्रभावकारी र व्यस्थित बनाउन संघ /प्रदेश/स्थानीय तहबाट कार्यन्वयन हुने कार्यक्रम तथा आयोजनासंग दोहोरोपना नहुने गरि कार्यक्रम कार्यन्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाईएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१२. <u>मुल्यांकन तथा अनुगमन</u> : कार्यक्रमको अनुगमन तथा मुल्यांकन यो कार्यविधि बमोजिम गठित अनुगमन तथा मुल्यांकन समिति , सम्बन्धित वडा कार्यालय तथा पशुपंन्छी तथा मत्स्य विकास शाखाले गरिनेछ ।

### <u>अनुगमन तथा मुल्याङकन समिति</u>

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक | संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना तथा अनुगमन इकाइ प्रमुख | सदस्य |
| पशुपंन्छी शाखा प्रमुख | सदस्य सचिव |

( समितिमा आवश्यकता अनुसार अन्यलाई समितिमा राख्न सकिनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकरुचुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

( १ ). मुल्याङ्कन तथा अनुगमन समितिको अनुगमन वापत प्रचलित कानुनअनुसार अनुगमन तथा बैठक भत्ता उपलब्ध गराऊने छ ।

१३. कारवाहीको व्यवस्था: अनुदानग्राहीले सम्झौत्ता बमोजिम अनुदान रकम तथा अनुदान सामग्री लिई दुरुप्रयोग गरेको पाईएमा प्रचलित बमोजिम असल उपर गरिनेछ।

१४. संशोधन: आन्तरिक पशु विकास कार्यक्रम कार्यविधि, २०८० संशोधन गर्न आवश्क परेको खण्डमा मकवानपुरगढी गाउँपालिकाको कार्यपालिकाको बैठकबाट गर्न सकिनेछ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

# अनुसूची- १

## ( दफा – ६ को उपदफा (१) संग सम्बन्धित )

## प्रस्ताव आह्वानको सूचना

यस मकवानपुरगढी गाउँपालिकाको आ.व.२०...../........ को स्वीकृत वार्षिक कार्यक्रम........................ गर्न चाहने सम्बन्धित निकाय दर्ता भएका कृषक उद्यमीहरुबाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक कृषक उद्यमीहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .....दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम र परियोजना प्रस्ताव सम्वन्धित पशुपंन्छी तथा मत्स्य विकास शाखाको कार्यालयमा पेश गर्नु होला । कृषि विकास मन्त्रालय र पशु सेवा विभाग अन्तर्गतका निकायहरुबाट सन्चालन भएका यस किसिमको कार्यक्रमबाट विगतका ३ आर्थिक वर्षहरुमा रु. १ लाखसम्मको अनुदान सहयोग लिई कार्यक्रम संचालन गरेका कृषकहरु छनौटको प्रक्रियामा समावेष हुने छैनन् । विस्तृत जानकारीका लागि सम्बन्धित पशुपंन्छी तथा मत्स्य विकास शाखाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१. अनूसुची-.... अनुसारको आवेदन फारम

२. अनूसुची... अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. आवेदक सम्बन्धित सहकारी निकायमा दर्ता/ नवीकरण/ स्थायी लेखा नम्बर र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

५.सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि ।

६. समूह/ कम्पनि/संस्था/संघ/ सहकारी कार्यक्रम संचालन गर्ने सम्बन्धित बैठकको निर्णय प्रतिलिपि ।

७. निर्माण कार्यको हकमा लागत स्टीमेट र मेसिनरीहरुको हकमा स्पेसिफिकेसनको प्रतिलिपि ।

८. समुह/ सहकारी/ समिति/ कम्पनि/ संस्था को कार्य समितिका पदाधिकारीहरुको नामावली ।

९. कार्यक्रम संचालन गर्न जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ।

१०.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

# अनुसूची – २

## (दफा – ५ को उपदफा (१) संग सम्बन्धित)

### ............................आवेदन-पत्रको फारम

श्रीमान् प्रमुख ज्यू, मिति:

मकवानपूरगढी गाउँपालिकाको कार्यालय,

विषय: ............................................. लागि अनुदान पाउँ ।

महोदय,

त्यस कार्यालयको मिति.........................को ........................... प्रकाशित सूचना अनुसार ...........................मैले गाईपालन/बाख्रापालन व्यवसाय स्थापना वा संचालन गर्ने भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेको छु ।उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछु र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्बाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

निवेदक

नाम :

ठेगाना :

दस्तखत :

तपसिल

१. अनूसुची- अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. आवेदक सम्बन्धित सहकारी निकायमा दर्ता/ नवीकरण/ स्थायी लेखा नम्बर र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।

५.सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि।

६. समूह/ कम्पनि/संस्था/संघ/ सहकारी कार्यक्रम संचालन गर्ने सम्बन्धित बैठकको निर्णय प्रतिलिपि।

७. निर्माण कार्यको हकमा लागत स्टीमेट र मेसिनरीहरुको हकमा स्पेसिफिकेसनको प्रतिलिपि।

८. समुह/ सहकारी/ समिति/ कम्पनि/ संस्था को कार्य समितिका पदाधिकारीहरुको नामावली।

९. कार्यक्रम संचालन गर्न जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि।

१०.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

अध्यक्ष

भाग /कृषि समुह १-सहकारी  कृषि फर्म को विवरण/

१. कृषि समूह -: कृषि फर्म को नाम/ सहकारी/

२. कृषि समूह -: कृषि फर्म गठन भएको मिति/ सहकारी/

३. कृषि समूह सहकारी  -: कृषि फर्म को ठेगाना/

४. तपाइको कृषि समूह सरकारी संस्थामा आबद्ध छ कृषि फर्म कुनै/ सहकारी/? छ  भने सो संस्थाको नाम .दर्ता नं.........................................................

५. कृषि समूह सहकारी कृषि फर्म कसरि गठन भएको हो/?कसको सहयोगमा कृषि समूहकृषि फर्म गठन / सहकारी / भयो?...............................

६. कृषि समूह कृषि फर्म गठनको खास उदेश्य के हो/ सहकारी/?...............................................

७. मासिक बचत छ वा छैन ?यदि छ भने कति ..........................................

(क) बैंक ..............................खाता नं(ख)......................................

८ कृषि फर्म कार्यान्वयनको प्रमाण/ सहकारी/ कृषि समूह .

(  ) दर्ता प्रमाण पत्र(घ)(  ) बैंक खाताको विवरण(ग) ( ) नगदी खाता (ख) ( ) निर्णय (क)

( ) अचल सम्पतिको स्वामित्वको  प्रमाण पत्र (ङ)

..................................................................................अन्य भए खुलाउनुहोस(च)

९ कृषि फर्म सदस्यताको विवरण/ सहकारी/ कृषि समूह .

| क्र.स. | सदस्यको नाम | लिंग | पति/ पत्नीको नाम - : | खेति योग्य जमिन | पशु संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दोर्जे लामा स्याङतान
अध्यक्ष

भाग २ प्रस्तावित क्रियाकलाप

१.कार्यक्रमको शिर्षक-:

२.कार्यक्रमको विवरण-:

३.कार्यक्रमको महत्व -:

४.कार्यक्रमबाट हुने फाइदा-:

५. कार्यक्रमवाट स्थानिय अवसरहरुको कसरि प्रयोग हुन्छ ?

६कृषि समूह/सहकारी/कृषि फर्म बाट यस्ता क्रियाकलापहरु पहिलै भएको छ वा छैन ?

छ) ( ) ख (छैन( )

७ प्रस्तावित कार्यक्रमबाट सबै अथवा बाहुल्यता.,भएका समूह सहकारी का सदस्य कसरि लाभान्वित हुन्छ/?

८ नभएको/ वातावरणीय दृष्टिकोण बाट उपयुक्त भए.?

दोर्जे लामा स्याङतान
अध्यक्ष

## भाग- ३ आर्थिक पक्ष

१. प्रस्ताबित कार्यक्रमको अनुमानित कुल लागत रु.

२. समूह .फर्मको आफ्नो योगदान रु/सहकारी/

३. कार्यालयबाट.......................... माग गरेको अनुदान रकम रु.

४. प्रस्तावित कार्यक्रमको अनुमानित लागत विवरण

५. प्रस्तावित क्रियाकलाप कार्यान्वयन योजना

- आबस्यक सरसामान कुन कहाँ,र कसरि छनौट गर्ने ?

-

- कस्तो प्रकारको सर सम्मान को मार्फत प्राप्त गर्ने ?

-

- परियोजना बाट उत्पादन हुने बस्तु को बजारीकरण कसरि हुने

-

- श्रम तथा श्रम लागत ब्यबस्थापन कसरि गर्ने?

- अन्य विवरण

दोर्जे लामा स्याङतान,
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

# अनुसूची – ३

## (दफा – ११ संग सम्बन्धित)

## प्रतिवद्धता पत्र

...............को मिति .......................................को सूचना अनुसार ....................................कार्यक्रम संचालनको सहभागिताको लागि इच्छुक भइ सोको प्रस्ताव पेश गरेको/ छु / छौ | उक्त कार्यक्रममा छनौट भएमा कार्यक्रममा उल्लेख भए बमोजिमको कार्य गर्नेछु | कार्ययोजना अनुसारको कार्य नगरेमा मकवानपुरगढी गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिव्दत्ता व्यक्त गर्दछु /छौ | अन्यथा प्रचलित कानुन वमोजिम सहुला / बुझाउला | साथै संचालीत क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यव्होरा तथा प्रतिवद्धता समेत व्यत गर्दछु / छौ |

आवेदकको तर्फबाट

नाम :

पद :

स्थानीय तहको नाम :

ठेगाना :

सम्पर्क नं :

दस्तखत :

मिति :

| दायाँ | बाँया |
|---|---|
| | |

दोर्जे लामा स्याङतान,
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

# अनुसूची – ४

## (दफा – ९ को उपदफा (१) संग सम्बन्धित)

## सम्झौता पत्र

......................... बाट संचालन गरिने चालु आ.व. ................को स्वीकृत कार्यक्रम ..................................को लागि प्रदान गरिने अनुदानका निम्ति मकवानपुरगढी गाउपालिकाको कार्यालय, .............।(यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका फार्म .........................(यसपछि दोस्रो पक्ष भनिने) का विच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सन्चालन गरी सम्पन्न गर्न द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

१. प्रथमपक्षले दोस्रो पक्षलाई कार्यक्रम सन्चालनको लागि कार्ययोजना अनुसार प्रस्तावित कार्य सम्पन्न भएपछि स्थलगत अनुगमन पश्चात अनुदान रकम उपलब्ध गराइने छ ।

२. प्रथमपक्षबाट प्राप्त अनुदान सहयोगलाई दोस्रो पक्षले कम्तीमा पनि ३ वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाइएमा निजबाट सो रकम सरकारी बाँकी सरह असुल उपरको लागि आवश्यक कारवाही चलाइने छ । व्यवसायबाट उत्पादित वस्तुको बजार व्यवस्था दोस्रो पक्षले गर्नुपर्ने छ ।

३. प्रथम पक्षले व्यवसायलाई सफल पार्न नियमित रुपमा व्यवसायको अनुगमन गर्नेछ ।

४. अनुदान प्राप्त संस्थाले प्रत्येक ६ महिनामा सम्बन्धित मकवानपुरगढी गाउपालिकको कार्यालयमा प्रगति प्रतिवेदन बुझाउनु पर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनैपनि भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. मकवानपुरगढी गाउपालिका र यस मातहतका निकायहरुबाट गरिने/ गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र यस अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोस्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।

७. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| कार्यालयको तर्फबाट सहि गर्नेको | संस्थाको तर्फबाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद: | पद : |
| दस्तखत : | दस्तखत : |
| छाप : | छाप : |

दोर्जे लामा स्याङतान्
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

# अनुसूची – ५

## (परिच्छेद – ५ को दफा – ७ संग सम्बन्धित)

.............................................. कार्यक्रमको मुल्यांकन फारम

| क्र.स | फार्मको नाम /सहकारी | ठेगाना | मूल्यांकनको आधार | | | | | | | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पशु संख्या (२५) | कार्य योजना (१०) | तालिम (१०) | घाँस खेति (१५) | खोर/गोठ क्षेत्रफल (१५) | जैविक सुरक्षा (१५) | व्यवसायको सम्भाव्यता (१०) | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

दोर्जे लामा स्याङतान
अध्यक्ष

परिच्छेद – ५

## कार्यक्रम र प्राविधिक पक्ष

### १.कार्यक्रमको नाम : पशु प्राविधिकलाई क्षमता अभिबृद्धि तथा कृषकलाई पशुपालन तालिम

परंपरागत निर्वाहमुखी पशुपालन प्रणालिलाई आधुनिकीकरण , व्यवसयिकरण र प्रतिस्प्रधात्मक बनाउन समय सापेक्ष कृषक र पशु प्राविधिकहरुको ज्ञान,सीप र क्षमतामा अभिबृद्धि गर्दै लैजान जरुरि देखिन्छ | छरिएर रहेका एउटै उदेश्य बोकेका कृषक र पशुप्रविधिकहरुलाई कृषक समुह र सहकारी मार्फत संगठित बनाई सामुहिकता भावना जागृत गराउन प्रसार , विषयगत पशु उत्पादन , प्रविधि हस्तान्तरण, मूल्य शृंखला अभिबृद्धि,प्रसोधन, प्याकेजिङ, बजारीकरण लगायतका विषयमा कृषक र पशु प्राविधिकहरुको क्षमता अभिबृद्धिको लागि तालिम संचालन गर्न सकिन्छ |

उदेश्य :

(क) कृषक र पशु प्राविधिकहरुको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गर्ने ।

(ख) कृषक र पशुप्राविधिकको नेतृत्व विकास क्षमतामा अभिवृद्धि गर्ने ।

(ग) कृषक र पशु प्राविधिकहरुलाई समूह र सहकारी मार्फत संगठित बनाउन सहजीकरण गर्ने ।

(३) प्रमुख क्रियाकलापहरु : विभिन्न विषयगत तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धिका तालिमहरु संचालन ।

(४) लक्षित समूह : मकवानपुरगढी गाउँपालिका भित्र पशु उत्पादन, प्रशोधन, बजारीरण, भण्डारणमा संलग्न कृषक, उद्यमी, कृषक समूह , फार्म, कम्पनि, दुग्ध सहकारी र समितिहरु ।

अपेक्षित उपलब्धी : कृषक र प्राविधिकहरुको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि भएको हुनेछ

### २. कार्यक्रमको नाम : पशुप्रजनन तथा नस्ल सुधार कार्यक्रम

यस गाउँपालिकामा भएका स्थानीय कम दुध उत्पादन दिने गाईभैंसीहरुलाई कृत्रिम गर्भाधान द्धारा नश्ल सुधार गरी दुधको उत्पादन र उत्पादकत्व बढाउनको लागि दुग्ध उत्पादक कृषक समूह/सहकारी संस्थाहरु मार्फत कृत्रिम गर्भाधान कार्यक्रम कार्यान्वयन गरिने छ ।

उदेश्य

दोर्जे लामा स्याङतान,
अध्यक्ष

- स्थानीय गाईभैंसीमा कृत्रिम गर्भाधान सेवाद्धारा वर्णशंकर जातको बाच्छाबाच्छी र पाडापाडी उत्पादन गर्ने र उन्नत जातका गाईभैंसी आपूर्तिमा बृद्धि गर्ने ।

- नश्ल सुधार कार्य गरि दुध तथा मासु उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

**कार्य संचालन विधि :**

यस गाउँपालिका अन्तर्गत नश्ल सुधारका कृत्रिम गर्भाधान कार्यको लागि कृत्रिम गर्भाधान गर्ने पशु प्राविधिकहरुलाई कृत्रिम गर्भाधानको सामाग्रीहरु (रेफ्री, लिक्वीड नाईट्रोजन, सिथ ग्लोब, सिमेन आदि) उपलब्ध गराई कृत्रिम गर्भाधान कार्यक्रम संचालन तथा विस्तार गर्ने ।

**कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड र नर्म्स्**

यस गाउँपालिका अन्तर्गत नश्ल सुधार कृत्रिम गर्भाधान कार्यको लागि कृत्रिम गर्भाधानको सामाग्रीहरु ( रेफ्री, लिक्वीड नाईट्रोजन, सिथ ग्लोब, सिमेन आदि) गाउँपालिकाले खरिद गर्ने ।

**३. कार्यक्रमको नाम : पशु स्वास्थ्य शिविर , उपचार तथा खोप कार्यक्रम**

१. पशु स्वास्थ्य शिविर मार्फत यस गाउँपालिकाको दुर्गम वडाहरुमा धेरैभन्दा धेरै पशुहरुलाई पशु स्वास्थ्य शिविर मार्फत ड्रेन्चिङ, गर्भजाँच, बन्धयाकरण, सामान्य रोगहरुको जाँच आदि गरि पशुहरुमा शारीरिक तन्दुरुस्ती, उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याउन सकिन्छ । यस शिविर मार्फत सम्पूर्ण कृषकहरुले नि:शुल्क सेवा प्राप्त गर्न सक्छ ।

**उदेश्य**

- पशुहरुं स्वस्थ रहने, समयमा बाली जाने ।
- बोका बाखामा चाँडै मासु लाग्ने तथा स्वस्थ मासु उत्पादन हुने ।
- स्थानीय तहमा रहेका पशु बस्तुमा रोग नियन्त्रण गर्ने ।
- आकस्मिक रोगहरु बाट बच्नको लागि उपचार र खोपको उपयोग हुने ।

**कार्य संचालन विधि :**

यस गाउँपालिकाका वडाहरुमा एक दिने नि:शुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । शिविरमा ल्याइएका पशुहरुलाई साधारण रोगको उपचार, परजिवी नियन्त्रण, गर्भ परिक्षण, बन्ध्याकरण र औषधी वितरण नि:शूल्क गरिनेछ ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

**कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड र नर्म्स्**

- पशु स्वास्थ्य उपचार तथा खोप कार्यक्रम संचालनको लागि आवश्यक सम्पूर्ण औषधी तथा सामाग्रीहरु खरिद गरि गाउँपालिकाको पशु विकास शाखाले प्राविधिक व्यवस्थापन समेत गर्ने ।

**२. भ्याक्सीनेशन कार्यक्रम**

मकवानपुरगढी गाउँपालिका पशुपालनको क्षेत्रमा जिल्लाकै अग्रणी स्थानमा रहेका छन् । पशुहरुमा लाग्ने विभिन्न किसिमको सरुवा रोग (खोरेत, भ्यागुते, पिपिआर) समय समयमा देखापर्ने भएकोले पशुहरुको स्वास्थ्य अवस्थामा धेरै ठूलो असर (उत्पादन घट्ने, मृत्यू समेत हुने) गर्ने भएको हुँदा यी सवै रोगको समयमै भ्याक्सीनेशन कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ ।

उदेश्य

- सरुवा रोगहरुको संक्रमण हुनबाट जोगाउने ।
- समयमै भ्याक्सीनेशन कार्यक्रम संचालन गर्ने ।

कार्य संचालन विधि :

- यस गाउँपालिका भित्र रहेका दुग्ध उत्पादक सहकारी संस्था, समूह, समिति, व्यवसायिक पशुपालक कृषकहरुको पशुहरुमा नि:शुल्क भ्याक्सीनेशन (खोप) कार्यक्रम संचालन गर्ने ।
- भ्याक्सीनेशन कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार पशु प्राविधिकहरु भर्ना गर्ने

**कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड र नर्म्स्**

- भ्याक्सीनेशन कार्यक्रम संचालन गर्न आवश्यक भ्याक्सीन तथा अन्य सामाग्रीहरुको व्यवस्थापन गाउँपालिकाको पशु विकास शाखाले गर्ने ।

**अनुगमन** : भ्याक्सीनेशन कार्यक्रमको नियमित अनुगमन गाउँपालिकाले गर्ने ।

दोर्जे लामा म्याङतान्
अध्यक्ष

**४.कार्यक्रमको नाम : सहकारी संस्था मार्फत काऊलिफ्ट वितरण**

सहकारी संस्था मार्फत काऊलिफ्ट वितरण कार्यक्रमले यस मकवानपुरगढी गाउँपालिका भित्र रहेका पशुपालन कृषकहरुलाई टेवा पुग्नेछ । पशुवस्तु गोठमा थला नपरि लिफ्तींङ मार्फत उठाई सुरक्षित राख्न सकिनेछ ।

**उदेश्य**

- गाईको मृत्यु  दरलाई कम गर्न ।
- किसानलाई आर्थिक भार कम गर्न ।
- पशुबस्तु थला नपरी समयमै निको हुन ।
- उत्पादनमा वृद्धि गर्न ।

**कार्यक्रम संचालन विधि**

- यो कार्यक्रम दुग्ध उत्पादक सहकारी संस्था मार्फत संचालन गरिनेछ।

**कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स**

- यो  कार्यक्रम संचालनमा अनुदान रकम  गाउँपालिकाबाट ७० प्रतिशत र संस्थाले ३० प्रतिशत बेहोर्नु पर्नेछ ।

**अनुगमन** : सहकारी संस्था मार्फत काऊलिफ्ट वितरण कार्यक्रमको नियमित अनुगमन गाउँपालिकाले गर्ने ।

**५.कार्यक्रमको नाम : पशु यन्त्रीकरण**

यस मकवानपुरगढी गाउँपालिकालाइ पशुपालनमा आत्मानिर्भर बनाइ यस गाउँपालिकावाट पशुजन्य पदार्यको निकासी गरि यहाका जनतालाइ पशुपालन व्यवसायमा अग्रसर गराइ स्वरोजगारको रुपमा अगाडी वढाउने उद्देश्यका साथ पशुपालन कृषकलाइलाइ पशु यन्त्रीकरण कार्यक्रममा अनुदान दिइ पशुपालन व्यवसायको विकास तथा विस्तार गर्न ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

## उदेश्य

- पशुपालन क्षेत्रलाइ प्रतिस्पर्धात्मक वनाइ सो व्यवसायलाइ प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन प्रोत्साहन गर्ने ।

- अनुदान सहि दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने ।

- पशुपालनलाई यान्त्रीकरण,आधुनिकरण,व्यवसायिकरण एवम् प्रतिस्पधात्मक वनाइ खाद्य तथा पोषण
- सुरक्षाको साथै स्वरोजगारको अवसर सृजना गर्ने ।

- पशुपालनमा यान्त्रीकरण गर्न ।

## कार्यक्रम संचालन विधि

यो कार्यक्रममा गाउपालिका भित्र रहेका पशु फर्म ,कम्पनि, सहकारी संस्थालाई यत्रिकरण मार्फत च्यापकटर वितरण गरिने छ ।

## कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नम्स

- यो कार्यक्रम संचालनमा अनुदान रकम गाउँपालिकाबाट ६० प्रतिशत र सस्थाले ४० प्रतिशत बेहोर्नु पर्नेछ ।

**अनुगमन** – यो कार्यक्रमको अनुगमन गाउँपालिकाबाट हुने छ ।

छोर्जे लामा स्याङतान
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, बागमती प्रदेश, नेपाल

६. **कार्यक्रमको नाम : दुध अनुदान कार्यक्रम**

यस मकवानपुरगढी गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाई यस गाउँपालिकाबाट दुध निकासी गरि यहाका जनतालाई पशुपालन व्यवसायमा अग्रसर गराई स्वरोजगारको रुपमा आगाडी बढाउने उदेश्यका साथ दुग्ध उत्पादन कृषकलाई दुग्ध सहकारी संस्था मार्फत अनुदान दिई पशुपालन व्यवसायको विकास तथा विस्तार गर्ने ।

उदेश्य :

- अनुदान वितरण नीतिलाई प्रक्रियामुखी र परिमाणमुखी तर्फ लैजाने ।
- दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठीत एवम दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।
- अनुदान सहि दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्न ।
- साना कृषकहरुको समेत दुध उत्पादन संगठित बजारमा प्रवाह गर्न ।

**मापदण्डक आधारहरु** : (१) दुग्ध उत्पादन सहकारी संस्थाले यस कार्यविधि संचालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछ ।

क. दुग्ध उत्पादन सहकारी संस्थाले दैनिक कम्तिमा २०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ ।

ख. वार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्ने ।

ग. नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्ने ।

घ. स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

ङ. कर चुक्ता गरेको हनुपर्ने छ ।

च. सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर भित्र परेको हुनु पर्नेछ ।

छ. सहकारी संस्थाले सस्थागत रुपमा दुध विक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

ज. विगतका बर्षहरुमा कुनै किसिमको कारवाहीमा नपरेको हुनु पर्नेछ ।

झ. दुग्ध उत्पादन सहकारी संस्थाले विगत १ बर्ष देखि नियमित गरेको हुन् पर्नेछ ।

दोर्जे लामा स्याङ्तान
अध्यक्ष

**कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड र नर्म्स**

- यस कार्यविधिको दफा ८ मा अनुदानको व्यवस्था सम्बन्धि जुनसुकै कुरा लेखिएको भएपनि यस कार्यक्रम संचालनको हकमा प्रति लिटरको १ रुपैयाको दरले अनुदान रकम उपलब्ध गराइनेछ ।
- अनुदान रकम दुग्ध उत्पादक सहकारी संस्था लि. मार्फत कृषकहरुले वितरण रकम प्राप्त गर्ने छन।

**मुल्यांकन तथा अनुगमन –** यो कार्यक्रमको अनुगमन गाउँपालिकाबाट हुनेछ । साथै कार्यविधिको दफा १२ वमोजिम अनुगमन , मुल्यांकन हुनेछ ।

दोर्जे लामा म्याङतान
अध्यक्ष